# जलवायु अनुकुलित गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

## (संशोधन सहित)

## पृष्ठभूमि

जलवायु परिवर्तनको चुनौतीहरुसंग सामना गर्दै अनुकुलन तथा न्यूनीकरणका क्रियाकलापहरुलाई प्रबर्धन गर्ने र समुदायको समानुकुलन क्षमता बढाउने उद्देश्य राखी मन्त्रालय मातहतका निकायहरुबाट तत्सम्बन्धी कार्यक्रमहरु संचालन हुदै आइरहेका छन् | यस्ता कार्यक्रमहरु ठाउँ र परिवेश विशेषका अनुकुलन कार्ययोजनामा आधारित रही कार्यन्वयनभैरहेका छन् | जलवायु परिवर्तनका असरहरु जलवायु संकटासन्न क्षेत्र, प्रकोप सम्मुख क्षेत्र तथा अनुकुलन क्षमता न्यून भएका समुदायमा बढी पर्ने हुँदा त्यस्ता क्षेत्र र समुदाय पहिचान गर्नुका साथै तल्लो इकाई (गाउँ/वडा) बाटै ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ | अझ नेपालको बिकट र कमजोर भू-बनौट, कठिन भू-स्वरूप र प्राकृतिक स्रोत-साधनको वितरणमा असमानता एवं तापक्रम/वर्षा वृद्धिका कारण जलवायु परिवर्तनले पर्न सक्ने प्रभाव, ठाउँ र परिवेश फरक फरक रहेका छन् |नेपाल सरकारबाट आ.व २०७३/०७४ को लागि स्वीकृत वार्षिक कार्यक्रममा सात प्रदेशमा १४ वटा(Climate Smart Village)जलवायु अनुकुलित गाउँ स्थापना गर्ने योजना रहेको सन्दर्भमा सो कार्यक्रम संचालन प्रकृयालाई सहज व्यवस्थित र प्रभावकारी बनाउन तथा भविष्यमा जलवायु अनुकुलित गाउँ स्थापना गर्ने कार्यक्रममा सहयोग पुर्याउन आवश्यक भएकोले जनसंख्या तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (क) यस कार्यविधिको नाम "जलवायु अनुकुलित गाउँ कार्यक्रम सञ्चालन  कार्यविधि, २०७३" रहेको छ |

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ |

**२.<u>परिभाषा :</u>** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "जलवायु अनुकुलित" भन्नाले जल, कार्बन तथा उर्जा, कृषि, जैविक बिबिधता र शिक्षाको क्षेत्रमा समुदायले परिवर्तित जलवायु सुहाउदो अनुकुल हुने गरी आफुलाई रुपान्तरण गर्ने कार्य सम्झनु पर्छ |

(ख) "कार्यक्रम" भन्नाले जलवायु अनुकुलित गाउँकार्यन्वयन कार्यक्रम सम्झनु पर्छ |

(ग) "गाउँ" भन्नाले कम्तिमा ४० घरधुरी भएको मानव बस्ती भन्ने सम्झनु पर्दछ |

(घ) "संकटासन्नता " भन्नाले जलवायु परिवर्तनका कारणले सिर्जना भएका जोखिम, खतराका प्रतिफल, अभाव आदि संग जुध्न सक्ने हैसियत वा क्षमतामा कमि आएको अवस्था सम्झनु पर्दछ |

(ङ) "समूह" भन्नाले स्थानीय निकायहरूमा विधिवत गठन भएका वा हुने उपभोक्ता समुह वा लाभग्राहि समुह वा वन उपभोक्ता समिति वा सहकारी ऐन,२०४८ अनुसार गठन भएका सहकारी,कृषक समुह समेतलाइ सम्झनु पर्छ ।

(च) "मन्त्रालय"भन्नाले जनसंख्या तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विभाग"भन्नाले वातावरण विभाग सम्झनु पर्छ ।

(ज) "समिति"भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको जलवायु अनुकुलित गाउँ कार्यक्रम कार्यन्वयन समिति सम्झनु पर्छ ।

**३. कार्यक्रमको उदेश्य :** यो कार्यक्रम देहायको उदेश्य प्राप्तिको लागि संचालन गरिनेछ –

(क) कृषि, जल, जैविक बिबिधता, उर्जा र शिक्षा गरी पाँच वटा क्षेत्रमा जलवायु अनुकुलन कार्यलाई प्रबर्धन गर्ने |

(ख) समुदायलाई जलवायु समानुकुलित हुने तर्फ अग्रसर गराउने र दिगो विकास तर्फ उन्मुख गराउने |

## परिच्छेद – २

## कार्य संचालन प्रक्रिया

**४. कार्य संचालनका लागि प्रस्तावित क्षेत्र** : (१) वार्षिक कार्यक्रमको परिधिमा रहि अनुसुची १ मा उल्लेखित सात वटै प्रदेशमा समानुपातिक रूपमा पर्ने गरी

अतिउच्च/उच्च संकटासन्न चौध जिल्लाकाछनौट गरिएका स्थानमा कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक जिल्लामा जलवायु अनुकुलित गाउँका लागि स्थान छनौट गर्न वातावरण विभागका प्रतिनिधि जिल्लामा खटिनेछन, जसले जिल्ला कृषि विकास समितिको बैठकका लागि आवश्यक समन्वय गर्नेछ |

(२) जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीको अध्यक्षतामा गठन भएको जिल्ला कृषि विकास समितिको बैठकले तपसिल बमोजिमका आधार भित्र रही गाउँ/वडा/टोलको छनौट गर्नेछ |

- सम्भव भएसम्म स्थानीय अनुकुलन कार्ययोजना (LAPA) अनुरुपको स्थान छनौट गर्ने,

-कार्यक्रममा दोहोरोपन नहुने स्थान छनौट गर्ने,

-सम्बन्धित क्षेत्रको जलवायु प्रकोप सम्मुख्ता, संकटासन्नता अवस्था, समुदायको अनुकुलन क्षमता र प्राविधिक उपयुक्ततालाई आधार मान्ने,

(३) वातावरण विभागको प्रतिनिधिले छनौट गरिएको गाउँ/वडा/टोलमा स्थानीय निकायको प्रतिनिधिको रोहबरमा तपसिल बमोजिमको आधारमा रही लाभग्राही समुहको छनौट गर्नेछ |

- जनजाती, दलित, महिला, बिपन्न र संकटासन्नता बढी भएको लाभग्राही समुह,

- हालसम्म सुबिधा बाट बन्चित रहेका समुहलाई प्राथमिकता दिने,

(४) छनौट गरिएको लाभग्राही समुहको अनुमोदन तथा सिफारिस जिल्ला कृषि विकास समितिले गर्नेछ |

(५) कार्यक्रम कार्यान्वयनको अवस्था र आवश्यकताको आधारमा भविष्यमा यस्ता किसिमका कार्यक्रममा व्यापकता ल्याउन प्राविधिक उपयुक्ततार संभाव्यताका आधारमा अन्य जिल्लाहरुमा समेत यो कार्यक्रमलाई विस्तार गर्न सकिनेछ ।

**५. <u>कार्यक्रम संचालन गर्ने विधि</u>** : (१) कार्यक्रम सञ्चालनको लागि प्रभावकारी व्यवस्था मिलाउने, समग्र कार्यक्रमको अनुगमन तथा मुल्यांकन गरी/गराई प्रगति समिक्षा गर्नका लागि देहाय बमोजिमको जलवायु अनुकुलित गाँउ कार्यक्रम कार्यान्वयन समिति रहनेछ–

(क) महानिर्देशक, वातावरण बिभाग -संयोजक
(ख) प्रतिनिधि, कृषि विभाग(योजना शाखा) - सदस्य
(ग) प्रमुख, वातावरण प्रदुषण शाखा -सदस्य
(घ) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य
(ङ) प्रमुख, वातावरणीय प्रभाव अनुकुलन शाखा - सदस्य सचिब

(२) अनुगमन लगायत कार्यक्रमसगँ सम्वन्धित सवै किसिमका खर्च उल्लेखित समितिको सिफारिशमा वाडँफाड गरी सोहि कार्यक्रममा विनियोजित वजेटबाट व्यहोरिने छ ।

(३) समुहले कार्यक्रम माग गर्दा समुहको निर्णय, अनुसूची३अनुसारको निबेदन र दफा ६(८) मा उल्लेखित क्षेत्र र कार्यक्रम अन्तर्गत रही मोटामोटी कामको विवरण सहितको अनुसूची ४ वमोजिमको कार्ययोजना पेश गर्नुपर्नेछ|

(४) दफा४(४) बमोजिमको सिफारिश प्राप्त भए पछि विभागले छनौट भएका समुहसँग कार्यक्रम सञ्चालनका लागि अनुसूची २ बमोजिमको ढाँचामासम्झौता गर्नेछ |कार्यमा सहजताका लागि समितिले आवश्यक शर्तहरू तोकि जिल्ला कृषि विकास कार्यालयलाइ सम्झौता गर्ने गरी विभागले अधिकार प्रत्यायोजन गर्न सकिनेछ । तर लागत अनुमानको स्वीकृति,सशोधन र अन्तिम विलको स्वीकृति विभागवाट हुने छ ।

(५) कार्यक्रमको कुल लागतमा कम्तिमा २०% नगद वा श्रमदान लाभान्वित समुहले व्यहोर्नु पर्नेछ |

६. **<u>आर्थिक कार्यविधि</u> :** (१) सम्झौता अनुसार समुहलाइ प्राप्त हुने आर्थिक सहयोग समुहका अध्यक्ष र कोषाध्यक्षको सयुक्त दस्तखतवाट संचालन हुने गरी समुहको नाममा खोलिएको बैंक खातामा पठाइनेछ |कार्यमा सहज र प्रभावकारी हुने देखिएमा जिल्ला कृषि विकास कार्यालयको नाममा चेक ड्राफ्ट आदि पठाई सो कार्यालय मार्फतसमुहको नाममा उपर्युक्त अनुसार खोलिएको बैंक खातामा रकम पठाइने छ । समुहले तपसिलका प्रकृया पुरा गरी सो कार्यालयमा रकम माग गर्नु पर्ने छ र कार्यालयलेविभागले तोकेको प्राविधिकको सिफारिसका आधारमा रकम माग गरी यस कार्यविधिमा उल्लेखित प्रकृया अनुसार भुक्तानी दिनु पर्ने छ । आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभएमा यस्तो रकम स्वतः फ्रिज हुनेछ । समुहको खातामा रकम सार्न

पाइने छैन । यस्तो रकमको आन्तरिक लेखा परीक्षण गराइ  वेरुजु कायम भएमा फछ्यौट समेत गरी गराई सबै सक्कल श्रेस्ता अन्तिम लेखापरीक्षणका लागि विभागमा पठाउनु पर्ने छ । बैठक भत्ता,अनुगमन लगायत प्रशासनीक कार्यको लागि कुल लागत अनुमानको दुई प्रतिशत (कन्टिनजेंसी) सम्म कार्यालयले खर्च गर्न सक्ने छ ।

(२) समुहले रकम माग गर्दा यथार्त खर्च खुल्ने गरी सक्कल बिल, भरपाई, भौचर लगायतका सम्पूर्ण कागजपत्र पेस गर्नु पर्नेछ | अन्तिम पटकको रकम माग गर्दा स्थानीय प्रतिनिधि रवहुसख्यक लाभग्राहिको रोहवरमा प्राप्त रकम,कार्यमा भएको खर्च विवरण सार्वजनिक गरी अनुमोदन गराई सार्वजनिक सुनुवाई गरेको निर्णय समेत समुहले पठाउनु पर्नेछ ।

(३) विभागले तोकेको प्राविधिकको सिफारिसका आधारमा सम्झौता अनुसार सम्पन्न भएको यथार्थ कार्यको भुक्तानीगरिनेछ ।

४) समुह सम्वन्धी कार्यविधि,पेश्की लगायतका व्यवस्था सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

(५) प्रचलित कानुन अनुसार रित नपुगि प्राप्त भएका  बिल भर्पाइहरुको भुक्तानी हुने छैन ।

(६) सम्झौता अनुसारको कार्य नभएमा,प्राप्त रकम हिनामिना वा मस्यौट गरेमा वा नक्कली विल भर्पाइ वनाइ भुक्तानी लिएको प्रमाणीत भएमा समुहका सम्वन्धित पदाधिकारी वा सदस्यलाइ प्रचलित कानुन अनुसार कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(७) समुहलाइ आवश्यक पर्न सक्ने ड्इङ,डिजाइन,स्पेशिफिकेशन,लागत अनुमानको तयारी  गर्न,सम्पन्न कार्यको प्राविधिक नाप जाचँ गरी भुक्तानीका लागि  सिफारिश गर्ने,कार्य सम्पन्न प्रतिवेदन बनाउने समेतका सवै किसिमको प्राविधिक सहयोगको व्यवस्था विभागले मिलाउने छ । विभागमा सम्वन्धित कार्यका लागि आवश्यक प्राबिधिक जनशक्ति उपलब्ध हुन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार प्राबिधिक परामर्शदाता नियुक्त गरी प्राविधिक सहयोग र अनुगमनको कार्यमा समेत खटाउन सक्नेछ |

(८) कार्यक्रम कार्यान्वयनका लागि पहिचान गरिएका देहाय बमोजिमका ५ वटा क्षेत्रका क्रियाकलापहरुमा देहाय बमोजिमको खर्च गर्ने गरि रकम उपलब्ध गराइनेछ –

**(क) जलमा जलवायु अनुकुलन (Water Smart Practices)**

- बलेशीको पानि संकलन(Rooftop Water Harvesting) : Gutter, Conduits, Inlet/Outlet Pipe का लागि बढीमा ६ इन्च परिधिको ४० मिटर Plastic पाइप खरिद, प्रति घरधुरी |
- प्लास्टिक पोखरी (Plastic Pond) : ३६×२४ वर्ग फिट सम्मको १२०/१५० जिएसएम को सिलपोलिन प्लास्टिक खरिद, प्रति घरधुरी | खाडल निर्माण कार्य समूह/घरधुरी बाट |
- पानि घैटो (Cemented Water Tank) : ७०० लिटर पानी घैटोको लागि १० बोरा सिमेन्ट तथा २ जना दक्ष जनशक्तिको २ दिन बराबरको दैनिक ज्याला (ज्यालादर जिल्ला दर रेट बमोजिम हुने गरि), प्रति घरधुरी | अन्य निर्माण सामग्री समूह/घरधुरी बाट |
- सौर्य पानी तान्ने पम्प (Solar Water Pump) : ३०००-४२०० लिटर प्रति घण्टा पानी फल्ने सौर्य पानी तान्ने पम्पको लागि प्रति घरधुरी कुल मुल्यको ६०% सम्म अनुदान सहयोग वा समुदाय/निजि क्षेत्रले ब्यबस्थापन गर्ने खानेपानीको लागि सौर्य पम्पिंग प्रणालीमा कुल लागतमा रु. १५ लाखमा नबढ्ने गरि ६० % सम्म अनुदान सहयोग वा समुदाय/निजि क्षेत्रले ब्यबस्थापन गर्ने कृषियोग्य जमिनमा सिचाई संचालन गर्न सौर्य पम्पिंग प्रणालीमा कुल लागतमा रु. २० लाखमा नबढ्ने गरि ६० % सम्म अनुदान सहयोग उपलब्ध गराईनेछ |
- सिमसार संरक्षण/पानीको मुहान संरक्षण (Wetland/Water Source Conservation): भत्केको, बिग्रेको पानी मुहान संरक्षणका लागि ओभरशिएर/इन्जिनियरको इस्टिमेट बमोजिम बढीमा रु. १००,००० सम्मको, प्रति समुह बढीमा १ वटा |

**(ख) कार्बन तथा उर्जामा जलवायु अनुकुलन (Carbon and Energy Smart)**

- सुधारिएको चुल्हो (Improved Stoves) : १ Rocket Stove प्रति घरधुरी |
- वृक्षारोपण (Plantation) : जिल्ला वन/बनस्पति कार्यालयको समन्वयमा तोकिएको प्रजातिका कम्तिमा २००० बिरुवा रोपणका लागि बढीमा रु. २०००० सम्मको सुचिकृत प्रांगारिक मल तथा अन्य सामग्री | श्रमदान समूह/घरधुरीबाट |

## (ग) कृषिमा जलवायु अनुकुलन (Agriculture Smart)

- सुधारिएको गोठ (Improved Cattle house) : बढीमा ८ बोरा सिमेन्ट, १० के.जि. फलामे छड, ४०० ग्राम तार तथा २ जना दक्ष जनशक्तिको २ दिन बराबरको दैनिक ज्याला (ज्यालादर जिल्ला दर रेट बमोजिम हुने गरि), प्रति घरधुरी | अन्य निर्माण सामग्री समूह/घरधुरी बाट | बायोचारको प्रयोग गरी पशुमुत्र उपयोगमा प्रति खाडल निर्माणमा रु. १००० सम्म प्रति घरधुरी |
- जैविक बिषादी (Bio-pesticide) : १०० लिटर क्षमताको प्लास्टिकको कालो ट्यांकी, प्रति घरधुरी |जैविक बिषादी खरिदका लागि प्रति समूह एकमुस्ट रु. २०,००० सम्म मात्र |
- थोपा सिचाई (Drip Irrigation) : Drip Irrigation Set प्रति घरधुरी |
- सुक्खा सहन सक्ने बालीका बिउबिजन (Drought Resistant Crops/Vegetables) : जिल्ला कृषि विकास कार्यालयले सिफारिस गरेका बिउबिजन प्रति समूह बढीमा रु. १००,००० सम्मको |
- तरकारी खेतीको लागि प्लास्टिक टनेल (Plastic Tunnel) : १२ × ६ वर्गमिटर प्लास्टिक सीट (४५ -७० जिएसएम)  प्रति घरधुरी | अन्य निर्माण सामग्री समूह/घरधुरीबाट |
- गड्यौला मल (Vermi-compost) : गड्यौला मलतयार गर्ने प्रति घरधुरी एक किलो गड्यौला |

## (घ) जैविक बिबिधतामा जलवायु अनुकुलन (Biodiversity Smart)

- करेसाबारीमा जडिबुटी खेति (Home Herbal Garden) : कम्तिमा १०० वर्ग मि. क्षेत्रमा जडिबुटी खेतीको लागि आवस्यक सामग्री खरिद गर्ने प्रति घरधुरी बढीमा रु. ५००० सम्म |

➢ बिरुवा उत्पादन नर्सरी (Master Nursery for Plant Production) : १ नर्सरीबाट कम्तिमा ४० घरधुरी लाभान्वित हुनेगरी ५ मिटर चौडाई र १० मिटर लम्बाईको नर्सरी निर्माण गर्न अनुसूची ५ बमोजिमको सामग्री र नक्सानुसार |

**(ङ) शिक्षामा जलवायु अनुकुलन (Knowledge Smart Activities)**

- ➢ क्षमता अभिवृद्धि (Capacity Enhancement) : अनुसूची ५ को तालिका बमोजिम रहने गरी प्रति समूहमा १ पटक १ दिने क्षमता अभिवृद्धि तालिम कार्यक्रम |
- ➢ सामुदायिक बिउवीजन बैंक (Community Seed Bank) : सामुदायिक बिउवीजन बैंक स्थापनाको लागि समुहको माग/आवश्यकता बमोजिम खर्च हुने गरी प्रति समूह बढीमा रु.५०,००० |
- ➢ तापक्रम तथा वर्षा मापन (Temperature and Precipitation Measure): तापक्रम तथा वर्षा मापन गर्ने स्टेसन प्रति समूह १ वटा |

(९) समुहले प्राप्त गरेको आर्थिक सहयोग माथि उल्लेखित ५ वटा क्षेत्रका क्रियाकलापहरु अन्तर्गतको सामग्री खरिद, कामदार ज्याला बाहेकको अन्य खर्च शिर्षकहरु (प्रशासनिक खर्च, भ्रमण खर्च, समुहको छलफल तथा चियापान) मा प्रयोग गर्न पाईने छैन |

(१०) सार्वजनिक खरिद ऐन २०६३, तथा नियमावली २०६४ मा स्पष्ट नभएको विषयमा मात्र प्रस्तुत कार्यविधि अनुसार हुनेछ ।

**७. बजेट सम्बन्धि व्यवस्था** : (१)यस कार्यक्रमको संचालनको लागि आवश्यक बजेट नेपाल सरकारको बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ |

## परिच्छेद -३

## कार्यक्रम अनुगमन तथा मुल्यांकन व्यवस्था

**८. कार्यक्रम अनुगमन तथा मुल्यांकन** : (१) यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन देहाय बमोजिम हुनेछ - यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन समय समयमा वा आवश्यकतानुसार वातावरण बिभागबाट प्रभावकारी रूपमा

गर्नु पर्नेछ । अनुगमन तथा मुल्यांकन टोलीमा सम्बन्धित जिल्लाको जिल्ला कृषि विकास कार्यालय/ जिल्ला बाताबरण, उर्जा तथा जलवायु परिवर्तन शाखा/ स्थानीय निकाय को प्रतिनिधिलाई समेत संलग्नता  गराउन सकिनेछ ।

## परिच्छेद -४

**<u>विविध</u>**

| | |
|---|---|
| १. उदयपुर (प्रदेश नं १) | ८. गोर्खा (प्रदेश नं ४) |

९. **<u>अन्तिम व्याख्या गर्न सक्ने</u>**: (१) यस कार्यविधिको कार्यन्वयनमा केहि वाधा व्यवधान आइपरेमा वा दुबिधा उत्पन्न भएमा मन्त्रालयले सोको अन्तिम व्याख्या गर्न सक्नेछ |

१०. **<u>कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्ने</u>** : (१) यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले समय समयमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची -१

### दफा ४(१) संग सम्बन्धित

### जलवायु अनुकुलित गाउँ कार्यक्रम लागु हुने जिल्लाहरु

| | |
|---|---|
| २. ओखलढुंगा (प्रदेश नं १) | ९. रुकुम (प्रदेश नं ५) |
| ३. सप्तरी (प्रदेश नं २) | १०. रोल्पा (प्रदेश नं ५) |
| ४. सिराहा (प्रदेश नं २) | ११. सुर्खेत (प्रदेश नं ६) |
| ५. रामेछाप (प्रदेश नं ३) | १२. सल्यान (प्रदेश नं ६) |
| ६. भक्तपुर (प्रदेश नं ३) | १३. कंचनपुर (प्रदेश नं ७) |
| ७. लमजुंग (प्रदेश नं ४) | १४. दार्चुला (प्रदेश नं ७) |

## अनुसूची -२
## दफा ५(४) संग सम्बन्धित
## <u>सम्झौता पत्र</u>

यो सम्झौता पत्र नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय, वातावरण बिभाग, कुपन्डोलको आ.व. .................को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको "सात वटा प्रदेशमा १४ वटा Climate Smart Village स्थापना गर्ने" कार्यक्रम कार्यन्वयन गर्ने सिलसिलामा ..........................................................(ठेगाना) का ........................................................ कृषक समूह/सहकारी/उपभोक्ता समूह/अन्य सरोकारवाला समुह (यसपछि दोस्रो पक्ष मानिने) र वातावरण विभागवा जिल्ला कृषि विकास कार्यालय (यसपछि प्रथम पक्ष मानिने) बीच तपशिलमा उल्लेख भए अनुसार गर्ने गराउने सहमति सहित यो सम्झौता पत्रमा हस्ताक्षर गरी दुवै पक्ष बीच लियौ/दियौ |

तपशिल

(१) कार्यक्रममा सहभागी हुन दोस्रो पक्षले पहिलो पक्षलाई कार्यक्रम कार्ययोजना पेश गर्नेछ, जसमा समुहले हासिल गर्न खोजेको लक्ष्य, लाभान्वित घरधुरी संख्या, सिमान्तकृत जनसंख्या/महिलाको संख्या, समुहले आफ्नो पहलमा गर्ने प्रयासहरु र दिर्घकालिन जगेर्ना गर्ने विधि बारे उल्लेख गरिनेछ |

(२) दोस्रो पक्षले जलवायु अनुकुलित गाउँ कार्यक्रम कार्यन्वयन गर्नका लागि आवश्यक क्रियाकलापहरु प्रस्ताव गर्दा समुहको निर्णय सहित समुहको लेटरप्याडमा निबेदन पेश गर्नेछ | यसरि प्रस्ताव गरिएका क्रियाकलापहरु " जलवायु अनुकुलित गाउँ कार्यन्वयन कार्यविधि, २०७३" अन्तर्गत रहेका मध्ये बाट हुनुपर्नेछ साथै क्रियाकलापको लागत, समय र समुहले व्यहोर्ने लागत समेत स्पष्ट तोकिएको हुनुपर्नेछ |

(३) दोस्रो पक्षले आफैले श्रमदान, अदक्ष जनशक्ति, संरचना जगेर्ना का साथै क्रियाकलापको दिगोपना सम्बन्धि आवश्यक कार्य गर्ने, समुहगत क्रियाकलापहरु गर्ने तथा अन्य कार्यको लागि आवश्यक स्रोतको ब्यबस्थापन गर्नुपर्नेछ | तर आवश्यक प्राविधिक सहयोग एवं सम्बन्धित पक्षहरु बीच समन्वय र सहयोग गर्ने गराउने कार्य समितिले गर्नेछ |

(४) दोस्रो पक्षले यस सम्झौताका पहिलो र दोस्रो बुंदा बमोजिमका कार्य गरेपछि कुल सहयोग रकम रु. ........................| (अक्षरेपी रु...............................................) भुक्तानीको लागि प्राप्त बिल/भरपाई अनुसार पटक पटक गरी दोस्रो पक्षको बैंक खातामा जम्मा हुनेगरी (A/C Payee) सहयोग रकम उपलब्ध गराउनेछ | तर, पहिलो पटकको रकम भुक्तानी पश्चात, सम्झौता अनुरुप सहयोग सदुपयोग भए/नभएको अनुगमन

टोलिको जाँचबुझ र सिफारिस बमोजिम मात्र दोश्रो पटकको रकम भुक्तानी गरिनेछ | पहिलो पटकको रकम दुरुपयोग गरेको पाइएमा दोस्रो पटकको रकम भुक्तानी गर्न पहिलो पक्ष बाध्य हुनेछैन, र पहिलो रकम समेत नियमानुसार असुलउपर गरिनेछ

(५) यो सम्झौता आजको मिति बाट लागु हुनेछ तथा सम्झौताको अवधि २०७४ असार मसान्त सम्म कायम रहनेछ | यो सम्झौता अनुसार समुहले असार २० गते भित्र सम्पूर्ण कार्यहरु सम्पन्न गरि बिल भरपाई, सार्वजनिक सुनुवाई, निर्णय सहित फरफारकका लागि प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ | प्रथम पक्षले सम्पन्न भएको कार्य र बिल भरपाईहरु प्राबिधिक जांच गराई ५ दिन भित्र भुक्तानी दिई हिसाब फरफारक गर्नु पर्नेछ |

(६) यस सम्झौता पत्रमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नियम कानुन अनुसार हुनेछ |इति सम्बत .............साल...................महिना..................गते

रोज........................शुभम्

<u>प्रथम पक्ष</u>            <u>दोस्रो पक्ष</u>

समितिको तर्फबाट            समुहको तर्फबाट

## अनुसूची -३
## (दफा ५(३) संग सम्बन्धित)
## जलवायु अनुकुलित गाउँ कार्यक्रमको आबेदन पत्र तथा समुहको निर्णय

श्रीमान् प्रमूखज्यु ,
वातावरण बिभाग, ..................

विषयः जलवायु अनुकुलित गाउँ स्थापनाको लागि सहयोग बारे ।

महोदय,

वातावरण विभागबाट प्राप्त जानकारी अनुसार ..........................मा जलवायु अनुकुलित गाउँ स्थापना र सञ्चालन हुने भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेको छु । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्वन्धि सम्झौता तथा कार्यविधिमा उल्लेख भए अनुसार कार्यक्रम सञ्चालन गर्नेछु र यस कार्यक्रमका लागि गरिएको सम्झौता तथा कार्यविधि विपरित गरेको पाइएमा विद्यमान कानून वमोजिम कारवाहीको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु । आवेदन साथ तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

नामः
ठेगानाः
दस्तखतः
मितिः

तपशिल

१. अनूसूची–४ अनुसारको संक्षिप्त कार्ययोजना
२. समूहको कार्यक्रम मागको निर्णयको प्रतिलिपि
३. समुहको दर्ता प्रमाणपत्रको प्रतिलिपि र दर्ता गर्ने निकायको सिफारिस
४. समूहका पदाधिकारी हरुको नागरिकताको प्रतिलिपि

## समूहको कार्यक्रम मागको निर्णयको नमुना

आज मिति .......................................का दिन वातावरण विभागबाट सञ्चालन हुने जलवायु अनुकुलित गाउँ कार्यक्रम कार्यान्वयनका लागि ................. जिल्लाको .......................गा. वि. स./न. पा. को वार्ड न. ........... स्थित ........................ गाउँमा ................................समूहको तपशिल अनुसारको सदस्यहरुको उपस्थितिमा छलफल गरी निम्नलिखित निर्णयहरु गरियो ।

तपशिल

| क्र. स. | नाम दस्तखत | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|

प्रस्तावहरु

१. सम्पन्न गरिने क्रियाकलापहरुको सम्वन्धमा

२. संक्षिप्त कार्ययोजना प्रस्ताव सम्वन्धमा

निर्णयहरु

१. प्रस्ताव न. १ माथि छलफल हुँदा वातावरण विभागबाट सञ्चालन हुने जलवायु अनुकुलित गाउँ कार्यक्रमका लागि .................................(क्रियाकलापहरु उल्लेख गर्ने) प्रस्ताव गर्ने निर्णय गरियो ।

२. प्रस्ताव न. २ माथि छलफल हुँदा यस कार्यक्रममार्फत गरिने क्रियाकलापहरु, सहभागि हुने घरधुरीहरुको संख्या र अनुमानित लागत समेट्ने गरी तोकिय बमोजिमको संक्षिप्त कार्ययोजना प्रस्ताव तयार गरी वातावरण विभागसमक्ष पेश गर्ने निर्णय गरियो ।

(सहभागीहरु मध्येबाट दस्तखत)

## अनुसूची -४
## (दफा ५(३) संग सम्बन्धित)
## संक्षिप्त कार्ययोजना प्रस्ताव

१.समूहको छोटो चिनारी र लक्ष्य

२. विद्यमान भौतिक, वित्तिय तथा अन्य पूर्वाधारहरु

३. सञ्चालन गरिने क्रियाकलापहरु (जल, कार्वन तथा उर्जा, कृषि, जैविक विविधता र शिक्षा क्षेत्रमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा एउटा पर्ने गरी)

| त्र. स. | क्षेत्र | क्रियाकलाप | प्रति इकाई खर्च (रु.) | सहभागी घरधुरी संख्या | कुल खर्च (रु.) | कार्यक्रम खर्च सहयोग | निजि लगानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४. क्रियाकलाप संचालन गर्न लाग्ने समय


५. लाभान्वित महिला तथा सिमान्तकृत जनसंख्या

६. दिर्घकालिन जगेर्ना विधि

# अनुसूची -५
## (दफा ६ (घ) संग सम्बन्धित
## नर्सरी निर्माणको लागि आवश्यक सामग्री र नक्शा

५ × १० मिटरको नर्सरी निर्माणको लागि आवश्यक सामग्रीको विवरण निम्नानुसार छ –

| क्र. सं | सामानको नाम् | इकाई | सामानको परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | खामोको लागि बाँस | संख्या | १० | समुहको लगानी |
| २. | भाटाको लागि बाँस | संख्या | ८ | समुहको लगानी |
| ३. | बलोको लागि बाँस | संख्या | ६ | समुहको लगानी |
| ४. | बाध्नको लागि प्लास्टिकको डोरी | के.जि. | २ | सहयोग |
| ५. | ४५-७० जि.एस.एम. को प्लास्टिक | वर्ग.मि. | १७५ | सहयोग |
| ६. | अग्रोनेट | वर्ग.मि. | १७५ | सहयोग |
| ७ | प्लास्टिक जोड्ने टेप | रोल | २ | सहयोग |
| ८. | जुटको सूतली | के.जि. | ३ | सहयोग |
| ९. | ज्यामी | संख्या | १० | समुहको श्रमदान |
| १०. | ज्यामी | संख्या | ५ | सहयोग |




चित्र नं. १ : १० मिटर × ५ मिटर नर्सरीको रेखांकन विधि(Layout)

चित्र नं. २ : नर्सरीमा भाटा राख्ने तरिका

